नेपाल राष्ट्र बैंक समाचार

वर्ष ५१ | अङ्क १ | कार्तिक २०८३ | अक्टोबर-नोभेम्बर २०२६

गभर्नर पौडेल आईएमएफ-विश्व बैंक समूहको वार्षिक बैठकमा सहभागी



गभर्नर प्रा.डा. विश्वनाथ पौडेल २०८३ असोज २६ देखि कात्तिक १ गते (१२-१८, अक्टोबर २०२६) सम्म थाइल्याण्डको बैंककमा आयोजित अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) र विश्व बैंक समूहको 'वार्षिक बैठक-२०२६' मा सहभागी हुनुभयो।

उक्त बैठकमा आईएमएफ र समूहका सदस्य राष्ट्रका अर्थमन्त्री, केन्द्रीय बैंकका गभर्नर र वित्त तथा मौद्रिक अधिकारीहरूको सहभागिता थियो। असोज ३० गते आयोजित प्लेनरी बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्नुभयो। उक्त बैठकमा अर्थमन्त्री वाग्लेसँगै गभर्नर पौडेल, अर्थ मन्त्रालयका सचिव डा. घनश्याम उपाध्याय लगायतका अधिकारीहरूको उपस्थिति थियो।

थाइल्याण्डका प्रधानमन्त्री अनुतिन चार्नविराकुलले प्लेनरी बैठकमा उद्घाटन मन्तव्य राख्नुभयो भने बैठकको अध्यक्षता पाराग्वेको केन्द्रीय बैंकका गभर्नर कार्लोस कार्भालो



आईएमएफका प्रबन्ध निर्देशक क्रिष्टालिना जर्जिभाकासाथ गभर्नर पौडेल।



स्पाल्डिङले गर्नुभएको थियो । सो अवसरमा आईएमएफका प्रबन्ध निर्देशक क्रिष्टालिना जर्जिभा र विश्व बैंक समूहका अध्यक्ष अजय बङ्गाले विश्व अर्थतन्त्रको परिदृष्यबारे चर्चा गर्दै विश्वव्यापी आर्थिक चुनौतीको सम्बोधनका लागि आईएमएफ र विश्व बैंकबाट भएका प्रयासबारे जानकारी दिनुभएको थियो ।

बैठकका दौरान अर्थमन्त्री वाग्ले र गभर्नर पौडेलले असोज २८ गते आईएमएफका प्रबन्ध निर्देशक जर्जिभा र उप-प्रबन्ध निर्देशक बो लीसँग भेटवार्ता गर्नुभयो । भेटका अवसरमा उहाँहरूबीच नेपालको वर्तमान आर्थिक तथा राजनीतिक परिस्थिति र च्यापिड क्रेडिट फ्यासिलिटी (आरसीएफ) का विषयमा छलफल भएको थियो ।

सोही दिन अर्थमन्त्री वाग्ले र गभर्नर पौडेल '57th Joint Meeting of the IMF-WBG SEAVG Governors' Meeting' मा सहभागी हुनुभयो । उक्त बैठकका क्रममा 'Labor Markets in Asia: Challenges and Opportunities in the AI Era' विषयक कार्यपत्र प्रस्तुत भई एसियाली श्रमबजारमा एआईको प्रभाव, चुनौती र अवसरका विषयमा छलफलसमेत भएको थियो ।

बैठकका क्रममा गभर्नर पौडेलले असोज २८ गते IMF, Asia Pacific Department (APD) का निर्देशक कृष्ण श्रीनिवासनसँग समेत भेटवार्ता गर्नुभएको थियो । त्यस क्रममा उहाँहरूबीच नेपालको वर्तमान आर्थिक तथा वित्तीय स्थितिका विषयमा छलफल भएको थियो ।

बैठकका क्रममा गभर्नर पौडेल असोज ३० गते 'IMFC Introductory Session-Global Development and Prospects' र ३१ गते 'IMFC Plenary Session' मा सहभागी हुनुभयो ।

यसै गरी, कात्तिक १ गते आयोजित '50th SAARCFINANCE Governors' Group Meeting' मा गभर्नर पौडेल र बैंकका प्रतिनिधिहरू समेतको सहभागिता थियो । रोयल मनिटरी अथोरिटी अफ भुटानका गभर्नर याङ्चेन सोग्यलले अध्यक्षता गर्नुभएको उक्त बैठकमा नेपाल, भारत, पाकिस्तान, श्रीलङ्काका गभर्नर तथा बङ्गलादेश र माल्दीभ्सका डेपुटी गभर्नरको उपस्थिति थियो ।

बैठकका दौरान गभर्नर पौडेलले आईएमएफसँगै विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्था र अन्य सरोकारवाला निकायका प्रतिनिधिसँग समेत भेटवार्ता गर्नुभएको थियो । हाल विश्व बैंक समूहअन्तर्गत १८८ र अन्तर्राष्ट्रिय मुद्रा कोषमा १९१ राष्ट्रहरू सदस्य छन् । ■

अन्तरनिकाय सहकार्य, समन्वय र पृष्ठपोषणसम्बन्धी अन्तरक्रिया





वित्तीय सुशासन अभिवृद्धिका लागि नियमन तथा सुपरिवेक्षण, कानुन कार्यान्वयन र अभियोजनसँग सम्बन्धित निकायहरूबीचको सहकार्य, समन्वय तथा पृष्ठपोषणसम्बन्धी अन्तरक्रिया कार्यक्रम असोज ४ गते काठमाडौंमा सम्पन्न भएको छ ।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको अध्यक्षता र महान्यायाधिवक्ता डा. नारायणदत्त कडेलको प्रमुख आतिथ्यमा नेपाल राष्ट्र बैंकले उक्त कार्यक्रम आयोजना गरेका हो । सो अवसरमा नायब महान्यायाधिवक्ताद्वय संजीवराज रेग्मी र लोकराज पराजुली, नेपाल सरकारका सचिव एवम् नेपाल बीमा प्राधिकरणका अध्यक्ष चन्द्रकला पौडेल, प्रहरी महानिरीक्षक दानबहादुर कार्की, डेपुटी गभर्नरद्वय किरण पण्डित र दीर्घबहादुर रावल, नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान ब्यूरोका प्रमुख उमाप्रसाद चतुर्वेदीसहित नियमनकारी, अनुसन्धानकारी तथा अभियोजनसँग सम्बन्धित निकायका उच्च अधिकारी र प्रतिनिधिहरूको उपस्थिति थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै महान्यायाधिवक्ता कडेलले प्रचलित कानुनमा देखिएका समस्या र सुधारका विषयमा मन्त्रालयस्तरबाट अध्ययन तथा संशोधनको प्रक्रिया अगाडि बढेको उल्लेख गर्दै वित्तीय अपराधविरुद्धको प्रयासमा महान्यायाधिवक्ताको कार्यालयले सक्रिय भूमिका निर्वाह गर्ने बताउनुभयो ।

सो अवसरमा गभर्नर पौडेलले वित्तीय सुशासन राष्ट्र बैंकसहित सबै निकायको साझा सरोकारको विषय रहेको धारणा राख्नुभयो । एउटै विषयमा पनि निकायपिच्छे बुझाइमा भिन्नता आउन सक्ने भएकाले यस्ता अन्तरक्रिया महत्त्वपूर्ण हुने उहाँको भनाइ थियो । विश्वव्यापी रूपमा राज्यसत्तामाथिको पहुँच अन्ततः मुलुकभित्रको स्रोत-साधनमाथिको नियन्त्रण र स्वामित्वसँग जोडिएको उल्लेख गर्दै गभर्नर पौडेलले गलत व्यक्ति वा संस्थाको हातमा स्रोत नपुगोस् भन्नेमा राज्यका निकायहरू सजग रहनुपर्ने आवश्यकतामा जोड दिनुभयो । यसका लागि 'सिङ्गो सरकारी संयन्त्रको दृष्टिकोण' अवलम्बन गर्नुपर्ने र त्यस्तो साझा दिशा निर्धारण भएपछि प्रत्येक निकाय आफ्नो कार्यक्षेत्रभित्र रही स्वतः क्रियाशील हुने धारणा उहाँले व्यक्त गर्नुभयो । साथै, यस्ता समन्वयात्मक प्रयासले वित्तीय सुशासन कायम गर्दै सम्पत्ति शुद्धीकरण निवारणका लागि साझा अवधारणाको विकासमार्फत मुलुकलाई 'ग्रे-लिस्ट'बाट हटाउन योगदान पुग्ने विश्वास गभर्नर पौडेलले व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले वित्तीय अपराधको नियन्त्रण सबै निकायको संयुक्त प्रयासबाट मात्र सम्भव हुने धारणा राख्नुभयो । पछिल्ला वर्षहरूमा वित्तीय अपराधको सङ्ख्या र जटिलता दुवै बढ्दै गएको उल्लेख गर्दै उहाँले वित्तीय अपराधको अनुसन्धानलाई विशेष प्राथमिकतामा राखिएको, केन्द्रीय अनुसन्धान ब्यूरोको क्षमता अभिवृद्धिमा जोड दिइएको र तालिम तथा क्षमता विकासका कार्यक्रमसमेत सोहीअनुरूप केन्द्रित गरिएको जानकारी दिनुभयो ।

तीन वटा सत्रमा उक्त अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो । पहिलो सत्रमा कानुन महाशाखाका उप-निर्देशक डिल्लीराम न्यौपानेले 'बैंकिङ क्षेत्रको नियमन तथा सुपरिवेक्षण' विषयमा प्रस्तुति दिनुभयो । प्रस्तुतिका क्रममा राष्ट्र बैंकको प्रुडेन्सियल, बजार आचरण तथा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सुपरिवेक्षकीय अधिकार क्षेत्र, सुपरिवेक्षण र फौजदारी अनुसन्धानबीचको भिन्नता, सुपरिवेक्षणका सीमा र नियामकीय कारवाहीको प्रशासनिक प्रकृतिबारे चर्चा गरिएको थियो ।

दोस्रो सत्रमा नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक ऋषिराम कँडेलले 'आर्थिक तथा वित्तीय अपराध अनुसन्धानको वर्तमान अवस्था, प्रवृत्ति र चुनौती' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले विगत पाँच आर्थिक वर्षमा वित्तीय अपराधका मुद्दा करिब साढे चार गुणाले वृद्धि भएको जानकारी दिनुभयो । कुल मुद्दाको करिब २८ प्रतिशत अंश आर्थिक तथा वित्तीय अपराधले ओगटेको उल्लेख गर्दै उहाँले सोको ८४ प्रतिशत हिस्सा बैंकिङ कसुरसँग र बैंकिङ कसुरमध्ये पनि अधिकांश चेक अनादरसँग सम्बन्धित रहेको जानकारी दिनुभयो ।

यसै गरी, चालु आर्थिक वर्षमा वित्तीय जानकारी इकाइबाट नेपाल प्रहरीमा प्राप्त १३२ वटा इन्टेलिजेन्स रिपोर्टमध्ये क्रमशः हुण्डी, अभौतिक सम्पत्ति (भर्चुअल करेन्सी) र प्रविधिजन्य ठगीसँग सम्बन्धित रहेको उल्लेख गर्दै वरिष्ठ उपरीक्षक कँडेलले प्रविधिजन्य ठगी तीव्र रूपमा बढिरहेको र 'मनी म्युल' सञ्जालको विस्तार चुनौतीका रूपमा रहेको धारणा राख्नुभयो ।

तेस्रो सत्रमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक निर्मल ढकालले 'सम्पत्ति शुद्धीकरण निवारण प्रणाली: कानुन कार्यान्वयन निकायको दृष्टिकोण' विषयमा प्रस्तुति दिनुभयो । वित्तीय अपराधको बदलिँदो स्वरूप, प्रविधिको बढ्दो प्रयोग, अन्तरदेशीय तथा सङ्गठित अपराध र जटिल स्वामित्व संरचनाबारे चर्चा गर्दै उहाँले 'ग्रे-लिस्ट'बाट बाहिरिन सन् २०२७ को जनवरीसम्म सम्पन्न गर्नुपर्ने कार्य, जोखिममा आधारित सुपरिवेक्षणको प्रभावकारिता, जटिल प्रकृतिका कसुरको अनुसन्धान र अभियोजन तथा सम्पत्ति रोक्का, जफत र फिर्तासम्बन्धी कार्यहरू तत्कालको कार्यसूचीमा रहेको जानकारी उहाँले दिनुभयो । सूचक संस्था, नियामक निकाय, एफआईयू र कानुन कार्यान्वयन निकायको भूमिकालाई एउटै 'Intelligence Cycle' मा जोड्दै 'follow the money - follow the assets - asset recovery' को अवधारणा अनुसार संयुक्त वित्तीय अनुसन्धान हुनुपर्नेमा उहाँको जोड थियो ।

तीनवटै कार्यपत्रको प्रस्तुतिपश्चात् सहभागीहरूबीच छलफल कार्यक्रम राखिएको थियो । डेपुटी गभर्नर रावलले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा नेपाल राष्ट्र बैंक, नेपाल प्रहरी, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, वित्तीय जानकारी इकाइ, नेपाल धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण र महान्यायाधिवक्ताको कार्यालयलगायत नियमनकारी, अनुसन्धानकारी र अभियोजनसँग सम्बन्धित निकायका प्रतिनिधिको सहभागिता थियो ।

सो अवसरमा बैंकका प्रवक्ता एवम् गभर्नरको कार्यालयका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले कार्यक्रमको आवश्यकता, औचित्य र उद्देश्यबारे प्रकाश पार्नुभएको थियो । ■

राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदन, २०२६ सम्बन्धी अन्तरक्रिया



वित्तीय जानकारी इकाइले असोज २३ गते काठमाडौंमा 'राष्ट्रिय जोखिम प्रतिवेदन, २०२६' बाट प्राप्त निष्कर्ष र पृष्ठपोषणका सन्दर्भमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव पुष्कर सापकोटा, नायव महान्यायाधिवक्ता लोकराज पराजुली, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरद्वय किरण पण्डित र दीर्घबहादुर रावल, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक निर्मल ढकाल र सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाका निर्देशक राजनदेव भट्टराईको उपस्थिति थियो । सो अवसरमा नियमनकार ी/अनुसन्धानकारी निकाय, सूचक संस्थाका प्रतिनिधिहरूको समेत सहभागिता थियो ।

कार्यक्रममा गभर्नर पौडेलले 'राष्ट्रिय जोखिम मूल्याङ्कन, २०२६' ले सम्पत्ति शुद्धीकरण निवारणमा परिणाममुखी भूमिका निर्वाह गर्ने धारणा राख्नुभयो । साथै यसले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कार्यमा सम्बद्ध निकाय र सरोकारवालाको बुझाइको स्तर अभिवृद्धि गर्दै जोखिममा आधारित पद्धति अवलम्बनमार्फत वित्तीय प्रणालीलाई सबल बनाउने विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो ।

सो अवसरमा नायव महान्यायाधिवक्ता पराजुली र डेपुटी गभर्नर रावलले सम्पत्ति शुद्धीकरण निवारणका निम्ति नेपालमा भएका प्रयास र राष्ट्रिय जोखिम मूल्याङ्कनका सन्दर्भबारे आ-आफ्नो धारणा राख्नुभएको थियो ।

कार्यक्रममा वित्तीय जानकारी इकाइका प्रमुख वासुदेव भट्टराईले स्वागत मन्तव्य राख्दै अन्तरनिकाय समन्वय, सहकार्य र पृष्ठपोषणसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । नेपाल राष्ट्र बैंकका निर्देशक (हाल: अर्थ मन्त्रालय) डा. हरिकुमार नेपालले राष्ट्रिय जोखिम मूल्याङ्कनको निष्कर्षबारे दोस्रो कार्यपत्र प्रस्तुत गनुभयो । त्यस क्रममा उहाँले मूल्याङ्कन प्रतिवेदनले औंल्याएका जोखिम, प्रणालीगत कमजोरी र सम्पत्ति शुद्धीकरण निवारणका निम्ति आगामी दिनमा चाल्नुपर्ने कदमबारे चर्चा गर्नुभयो ।

कार्यपत्र प्रस्तुतिपश्चात् सहभागीहरूबीच छलफल कार्यक्रम राखिएको थियो । महानिर्देशक ढकाल, महाशाखाका निर्देशक भट्टराई, निर्देशक नेपाल, इकाइका प्रमुख भट्टराई र नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडका कार्यान्वयन अधिकृत सगुन पाठकले सहभागीबाट राखिएका



जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा प्रधानमन्त्रीको कार्यालयका सचिव सापकोटाले राष्ट्रिय जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गर्ने समूहलाई धन्यवाद दिँदै समापन मन्तव्य राख्नुभयो । इकाइका सहायक निर्देशक कृष्ण कार्कीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

सम्बद्ध निकाय र सरोकारवालामाझ 'राष्ट्रिय जोखिम मूल्याङ्कन, २०२६' का निष्कर्ष प्रवाह गर्न र सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी जोखिमको बुझाइमा प्रभावकारिता ल्याउने सन्दर्भमा उक्त कार्यक्रम फलदायी हुने विश्वास लिइएको छ । ■

वाणिज्य बैंकका सञ्चालकहरूसँग अन्तरक्रिया

बैंक तथा वित्तीय संस्था नियमन विभागले असोज २३ गते काठमाडौंमा बैंकिङ क्षेत्रका समसामयिक विषयमा वाणिज्य बैंकका सञ्चालकहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलको उपस्थितिमा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा गभर्नर पौडेलले दिगो आर्थिक वृद्धि र उत्पादनशील क्षेत्रमा कर्जा लगानी विस्तार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले भन्नुभयो, "उपलब्ध वित्तीय स्रोतलाई उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता छ । हामी चाहन्छौं, कर्जा लगानीले दिगो वृद्धिलाई प्रवर्द्धन गर्न सकोस् । यसमा आवश्यक सहजीकरण गर्न राष्ट्र बैंक तयार छ ।" कर्जाका क्षेत्रहरू निर्धारण गरेर सुरक्षित तवरले लगानी विस्तार गर्न गभर्नर पौडेलले बैंकका सञ्चालकहरूलाई आग्रह गर्नुभयो । साथै, बैंकबाट हुने खर्चबाट सकारात्मक प्रतिफल र परिणाम देखिनुपर्नेमा उहाँको जोड थियो ।

कार्यक्रममा डेपुटी गभर्नर किरण पण्डितले अनुसन्धान र विकाससम्बन्धी कार्यमा बैंकको लगानी अपुग रहेको उल्लेख गर्दै साइबर सुरक्षा र सूचना प्रविधिमा खर्च बढाउन सुझाव दिनुभयो । साथै, उहाँले बैंकबाट हुने खर्चहरू विवेकशील र परिणाममुखी हुनुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा बैंक तथा वित्तीय संस्था



नियमन विभागका निर्देशक सृजना बास्तोलाले 'Recent Scenario of Banking Sector: Regulatory Perspective' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले दक्षिण एसियामा वित्तीय सबलताका परिसूचक, नेपालको बैंकिङ प्रणालीका पछिल्लो आँकडा, वाणिज्य बैंकबाट विभिन्न शीर्षकमा भएका खर्चको प्रवृत्ति, सुपरिवेक्षकीय दृष्टिकोण, लेखापरीक्षण समितिको भूमिकाबारे चर्चा गर्नुभयो ।

यसै गरी, बैंक सुपरिवेक्षण विभागका निर्देशक शुभाषचन्द्र घिमिरेले 'Bank Expenses: Is it a Governance Concern ?' विषयमा प्रस्तुति दिनुभयो । त्यस क्रममा उहाँले बैंकहरूबाट हुने खर्चका सन्दर्भमा बासेलका सिद्धान्त, वाणिज्य बैंकबाट विभिन्न शीर्षकमा भएका खर्च, त्यसबारे सुपरिवेक्षकीय दृष्टिकोण, सञ्चालक समितिको उत्तरदायित्व र सुपरिवेक्षकीय अपेक्षाबारे जानकारी गराउनुभयो ।

दुवै कार्यपत्र प्रस्तुतिपश्चात् सोउपर सहभागीहरूबीच छलफल भएको थियो । सहभागीका तर्फबाट बैंकिङ क्षेत्रमा तरलता व्यवस्थापन, निष्क्रिय कर्जा, गैर-बैंकिङ सम्पत्तिको व्यवस्थापन लगायतका पक्षमा देखिएका समस्या र चुनौतीबारे आ-आफ्ना धारणा राखिएको थियो । कार्यक्रममा वाणिज्य बैंकका सञ्चालक समितिका अध्यक्ष र लेखापरीक्षण समितिका संयोजकहरूको सहभागिता थियो ।

सो अवसरमा नियमन विभागका निर्देशक नारायणप्रसाद पोखेलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक निविदा पाण्डेले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

अवलोकन भ्रमण तथा वित्तीय साक्षरता कार्यक्रम



वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले असोज महिनामा दुई वटा विद्यालयका विद्यार्थीको सहभागितामा नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालयको अवलोकन भ्रमण र वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ ।

महाशाखाले असोज ७ गते काठमाडौंको सामाखुशीस्थित अध्ययन स्कुल र असोज २७ गते नागर्जुनस्थित निर्भाणा एकेडेमीका विद्यार्थीहरूको सहभागितामा उक्त कार्यक्रम आयोजना गरको हो । दुवै कार्यक्रममा महाशाखाका सहायक निर्देशक प्रमिला रंजितकारले वित्तीय साक्षरताको अवधारणा, आधारभूत वित्तीय ज्ञान, व्यक्तिगत वित्त र प्राथमिकता निर्धारण, विप्रेषण कारोबार, बीमा, वित्तीय अनुशासन, डिजिटल भुक्तानी, वित्तीय ठगी लगायतका विषयमा जानकारी दिनुभयो । सो अवसरमा महाशाखाका निर्देशक सुशील पौडेलले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै विद्यार्थीहरूलाई वित्तीय साक्षरताको महत्त्वबारे जानकारी दिनुभएको थियो । ■

बारामा डिजिटल वित्तीय साक्षरता कार्यक्रम

भुक्तानी प्रणाली विभागले असोज १६ गते बाराको कोल्हवीमा डिजिटल वित्तीय साक्षरता कार्यक्रम आयोजना गऱ्यो ।

नियमित आम्दानी गर्ने व्यक्ति, लघु, साना तथा मझौला व्यवसायी, महिला र विद्यार्थीको सहभागितामा विभागले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा विभागका निर्देशक अजित रेग्मीले कार्यक्रमको औचित्यबारे प्रकाश पार्दै डिजिटल वित्तीय सेवाबारे प्रस्तुति दिनुभयो । विभागका सहायक निर्देशक राजेश पनेरुले साइबर जोखिम र अनलाइन ठगीका विषयमा प्रस्तुति दिनुभयो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक निश्चल अधिकारीले राष्ट्र बैंकको डिजिटल वित्तीय साक्षरतासम्बन्धी कार्यक्रमबाट सर्वसाधारणमा भुक्तानी उपकरणबारे जानकारी हुने, सम्भावित जोखिमप्रति सजगता बढ्ने, डिजिटल ठगी, साइबर जोखिम एवम् गैरकानुनी वित्तीय कारोबारका सम्बन्धमा सचेतना अभिवृद्धि



हुने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा कार्यकारी निर्देशक अधिकारी र कार्यपत्र प्रस्तोताले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिनुभएको थियो । सो अवसरमा वीरगञ्ज कार्यालयका निर्देशक सञ्जीवकुमार झाले स्वागत मन्तव्य राख्दै डिजिटल वित्तीय साक्षरताको महत्त्वबारे चर्चा गर्नुभयो भने विभागका प्रधान सहायक धर्मराज ठाकुर सिंहले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

आयकर गणना र करकट्टीसम्बन्धी अन्तरक्रिया



वित्त व्यवस्थापन विभागले असोज ८ गते काठमाडौंमा नेपाल राष्ट्र बैंकका कर्मचारीको आयकर गणना र करकट्टी सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक राजेन्द्र भट्टराईको उपस्थितिमा आयोजित कार्यक्रममा काठमाडौं उपत्यकास्थित विभिन्न विभाग/कार्यालयका कर्मचारीको सहभागिता थियो । सो अवसरमा विभागका सहायक निर्देशकद्वय सुरक्षा सुवेदी र रन्जन तचामोले 'नेपाल राष्ट्र बैंकका कर्मचारीको आयकर गणना तथा करकट्टी' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा कार्यकारी निर्देशक भट्टराईले बैंकका कर्मचारीले आयकर गणना र करकट्टीका नीतिगत व्यवस्था र प्रक्रियाबारे जानकारी राख्नुपर्ने उल्लेख गर्दै स्वयम् कर निर्धारण फारामको सैद्धान्तिक र प्रक्रियागत महत्त्वबारे जानकारी दिनुभयो । विभागका निर्देशक कमलप्रकाश कालाथोकीले आयकरको ऐतिहासिक सन्दर्भ उल्लेख गर्दै आयकरसम्बन्धी नीतिमा भएका परिवर्तनका प्रभाव, फाइदा र बेफाइदाबारे धारणा राख्नुभयो ।

विभागका उप-निर्देशक कृष्णशरण फुयालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

गो-एएमएल सञ्चालन र रिपोर्टिङसम्बन्धी अनुशिक्षण

वित्तीय जानकारी इकाइले असोज ७ गते काठमाडौंमा गो-एएमएल सञ्चालन निर्देशिका र रिपोर्टिङसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

भूमि व्यवस्थापन तथा अभिलेख विभाग र सूचक संस्थाका प्रतिनिधि, घरजग्गा व्यवसायी लगायतको सहभागितामा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा भूमि व्यवस्थापन तथा अभिलेख विभागका कानुन अधिकृत ध्रुव भण्डारीले सम्पत्ति शुद्धीकरण निवारणमा ग्राहक पहिचान र प्रतिवेदनसम्बन्धी सूचक संस्थाको दायित्वबारे प्रस्तुति दिनुभयो । त्यस क्रममा उहाँले संस्थागत नीति तथा कार्यविधि निर्माण, कार्यान्वयन अधिकृतको नियुक्ति, प्राकृतिक तथा कानुनी व्यक्तिको ग्राहक पहिचान र सम्पुष्टि, वास्तविक धनीको पहिचान, उच्च पदस्थ व्यक्तिको पहिचान र वर्गीकरण तथा वार्षिक जोखिम मूल्याङ्कन प्रतिवेदनका विषयमा जानकारी दिनुभयो ।

इकाइका प्रधान सहायक (सू.प्र.) विवेश पोखरेलले गो-एएमएल प्रणालीमार्फत हुने प्रतिवेदनको प्रक्रियाबारे प्रस्तुति दिनुभयो । सो अवसरमा उहाँले तोकिएको सीमाभन्दा माथि र शङ्कास्पद कारोबार प्रतिवेदनको तयारी, कारोबारमा संलग्न पक्षको विवरण, खाता तथा संस्थासम्बन्धी तथ्याङ्क र कारोबार गर्ने व्यक्तिको विवरण प्रविष्टि गर्ने तरिकाबारे चर्चा गर्नुभयो ।



कार्यक्रममा इकाइका प्रमुख वासुदेव भट्टराईले सहभागीबाट राखिएका जिज्ञासाको सम्बोधन गर्दै सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा सूचक संस्था, नियमनकारी निकाय र इकाइको भूमिकाबारे स्पष्ट पार्नुभयो । ग्राहक पहिचान र कारोबारको नियमित अनुगमन गरी शङ्कास्पद कारोबारको प्रतिवेदन तयार पारी वित्तीय जानकारी इकाइमा पठाउने दायित्व सूचक संस्थाकै रहेको ध्यानाकर्षण गराउँदै उहाँले सो सम्बन्धमा नियमनकारी निकाय र इकाइको भूमिकाका सम्बन्धमा समेत चर्चा गर्नुभयो ।

सो अवसरमा इकाइका उप-निर्देशक केशवप्रसाद रिमालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक कमल पौडेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

बझाङमा आर्थिक तथ्याङ्कसम्बन्धी गोष्ठी



धनगढी कार्यालयले असोज १ गते बझाङको चैनपुरमा 'आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता र तथ्याङ्क सङ्कलनका समस्या' विषयक गोष्ठी आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक मोहन पुडासैनीको अध्यक्षतामा आयोजित गोष्ठीमा बझाङस्थित विभिन्न सरकारी निकायका प्रमुख/प्रतिनिधि, बैंक तथा वित्तीय संस्थाका शाखा प्रबन्धक, स्थानीय होटेल व्यवसायी, उद्यमी, सहकारी संस्था र अन्य तथ्याङ्क प्रदायक संस्थाका प्रतिनिधिको सहभागिता थियो । राष्ट्र बैंकबाट हुँदै आएको आर्थिक गतिविधि अध्ययनको महत्त्वबारे जानकारी गराउने, आर्थिक तथ्याङ्क सङ्कलनमा देखिएका समस्याको पहिचान गरी समाधान खोज्ने र अध्ययनलाई थप प्रभावकारी बनाउन सम्बन्धित सरोकारवाला निकायबाट सुझाव सङ्कलन गर्ने उद्देश्यसहित कार्यालयले उक्त कार्यक्रम आयोजना गरेको हो ।

सो अवसरमा कार्यालयका सहायक निर्देशक तुलसा ओझाले आर्थिक गतिविधि अध्ययनमा समेटिने क्षेत्र, तथ्याङ्क उपलब्ध गराउँदा ध्यान दिनुपर्ने विषय, आर्थिक तथ्याङ्कको महत्त्व, उपादेयता र तथ्याङ्क सङ्कलनका समस्या तथा चुनौतीसँगै सुदूरपश्चिम प्रदेशको आर्थिक, सामाजिक तथा वित्तीय सूचकबारे जानकारी दिनुभयो ।

गोष्ठीमा निर्देशक पुडासैनीले तथ्याङ्क सङ्कलनको उद्देश्य र महत्त्वबारे चर्चा गर्दै तथ्याङ्क प्रदायक निकायबाट प्राप्त हुने तथ्याङ्क यथार्थ, सान्दर्भिक र पूर्ण तथ्याङ्क हुँदा त्यसले नीति निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा कार्यालयका सहायक निर्देशक भोला रावलले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने प्रधान सहायक सहदेव भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

जोखिम व्यवस्थापनसम्बन्धी कार्यशाला गोष्ठी



संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले असोज ५ गते पोखरामा जोखिम व्यवस्थापनसम्बन्धी कार्यशाला गोष्ठी आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक मुक्तिनाथ सापकोटाको अध्यक्षतामा आयोजित कार्यक्रममा विभिन्न विभाग/कार्यालयका जोखिम अधिकृतको सहभागिता थियो । कार्यक्रमको पहिलो सत्रमा विभागका निर्देशक वीरेन्द्रदत्त अवस्थीले 'Institutional Framework for Risk Management at NRB' विषयमा प्रस्तुति दिनुभयो । त्यस क्रममा उहाँले जोखिम व्यवस्थापनका सिद्धान्त, नेपाल राष्ट्र बैंकमा जोखिम व्यवस्थापन अभ्यासको विकासक्रम, संस्थागत संरचना, बैंकमा अवलम्बन गरिएका प्रक्रियाबारे जानकारी दिनुभयो ।

यसै गरी, दोस्रो सत्रमा उप-निर्देशक सिर्जना श्रेष्ठले 'Practical Approach to Risk Management Practices at NRB' विषयकमा वार्ता प्रस्तुत गर्दै जोखिम अभिलेख, जोखिम पुस्तिका र रिपोर्टिङ प्रक्रियाबारे जानकारी दिनुभयो ।

कार्यक्रममा विभागका कार्यकारी निर्देशक सापकोटाले जोखिम व्यवस्थापनको प्रभावकारी कार्यान्वयनका लागि विभाग/कार्यालयको सम्भावित जोखिम पहिचान गरी स्पष्ट दृष्टिकोण र कार्ययोजनासहित जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि सक्रियता देखाउन जोखिम व्यवस्थापन अधिकृतहरूलाई आग्रह गर्नुभयो ।

सो अवसरमा पोखरा कार्यालयका निर्देशक शिखा अधिकारी रेग्मीले स्वागत मन्तव्य राख्दै बैंकमा जोखिम व्यवस्थापनको महत्त्वबारे प्रकाश पार्नुभयो भने प्रधान सहायक ऋषिराम कोइरालाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

सिद्धार्थनगरमा तनाव व्यवस्थापन कार्यक्रम



सिद्धार्थनगर कार्यालयले असोज १८ गते तनाव व्यवस्थापन कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक नवीना ढकालको अध्यक्षतामा आयोजित कार्यक्रममा जीवन विज्ञान प्रतिष्ठान, रुपन्देहीका योग प्रशिक्षक इन्दिरा पराजुलीले योग, प्रणायाम र ध्यान विधिबारे प्रशिक्षण दिनुभयो भने राष्ट्र बैंकका पूर्व निर्देशक जीवनप्रकाश पाण्डेयले योग तथा ध्यानविधिबारे आफ्नो अनुभव प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता थियो । सो अवसरमा निर्देशक ढकालले समापन मन्तव्य राख्दै योग र ध्यानले कर्मचारीमा सकारात्मक ऊर्जाको सञ्चार भई कार्यदक्षता र उत्पादकत्व अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभएको थियो । ■

समसामयिक विषयमा अन्तरक्रिया





सुर्खेत कार्यालयले असोज २ गते वीरेन्द्रनगरमा समसामयिक आर्थिक तथा बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका प्रमुख राजनप्रसाद रेग्मीको अध्यक्षतामा आयोजित कार्यक्रममा सुर्खेतस्थित वाणिज्य बैंकका प्रदेश प्रमुख, नेपाल उद्योग वाणिज्य महासंघ-कर्णाली प्रदेश र सुर्खेत उद्योग वाणिज्य संघका प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा प्रमुख रेग्मीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने कार्यालयका सहायक निर्देशक बाबुराम बोहोराले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसै गरी, नेपालगञ्ज कार्यालयले असोज ५ गते समसामयिक विषयमा छलफल कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक सम्झना ढकालको अध्यक्षतामा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो । कार्यक्रममा दसैं र तिहारमा अत्यधिक माग हुने साना दरका नोटको व्यवस्थापन, बैंक तथा वित्तीय संस्थाबाट विदेशी मुद्रा सटहीमा देखिएका कठिनाइ, मर्जर/प्राप्तिको प्रक्रियाका कारणले चेकबुक फिर्ता/खारेजी, बैंक दाखिला र ट्रान्सफर लगायतका विषयमा छलफल भएको थियो । सो अवसरमा निर्देशक ढकालले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिँदै समापन मन्तव्य राख्नुभयो भने सहायक निर्देशक मामराज पथिकले स्वागत मन्तव्य राख्नुभएको थियो ।

यसै गरी, सिद्धार्थनगर कार्यालयले असोज ६ गते समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक नवीना ढकालको अध्यक्षतामा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रदेश प्रमुख र प्रतिनिधिको सहभागिता थियो । कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका समस्या, सेवाग्राहीका गुनासोसँगै आगामी चाडपर्वको नोट व्यवस्थापनका विषयमा छलफल भएको थियो । सो अवसरमा कार्यालय निर्देशक ढकालले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिँदै समापन मन्तव्य राख्नुभएको थियो ।

जनकपुर कार्यालयले असोज ८ गत समसामयिक बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक पुष्पा अधिकारीको अध्यक्षतामा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागिता थियो । कार्यक्रममा वित्तीय सेवाको गुनासो व्यवस्थापनसँग सम्बन्धित विषय, विदेशी मुद्रा र भुत्रो नोट सटही लगायतका विषयमा छलफल भएको थियो । सो अवसरमा निर्देशक अधिकारीले छलफलको क्रममा उठेका जिज्ञासामाथि सम्बोधन गर्दै समापन मन्तव्य राख्नुभयो भने प्रधान सहायक धिरजकुमार साहले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

विराटनगर कार्यालयले असोज २७ गते बैंक तथा वित्तीय संस्था र अन्य सरोकारवाला निकायका प्रतिनिधिको सहभागितामा समसामयिक आर्थिक तथा बैंकिङ विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यालयका निर्देशक सुमन नेउपानेको अध्यक्षतामा आयोजित कार्यक्रममा कोशी प्रदेशस्थित वाणिज्य बैंकका







प्रदेश प्रमुख, उक्त प्रदेशमा केन्द्रीय कार्यालय रहेका विकास बैंक र लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता थियो। कार्यक्रममा कार्यालयका उप-निर्देशक दिलबहादुर सुब्बाले वित्तीय ग्राहक संरक्षण तथा गुनासो व्यवस्थापनको प्रभावकारिताका विषयमा प्रस्तुति दिनुभयो।

उक्त प्रस्तुतिपश्चात् आयोजित छलफल कार्यक्रममा सहभागीले कालोसूचीमा परेका ऋणी र अन्य वित्तीय ग्राहकले पाउने न्यूनतम जीवन निर्वाह खर्चका सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था हुनुपर्ने धारणा राखेका थिए। सो अवसरमा निर्देशक नेउपानेले समापन मन्तव्य राख्दै प्रभावकारी गुनासो व्यवस्थापनका नीतिगत व्यवस्थाका सन्दर्भमा केन्द्रीय कार्यालयसँग समन्वय गरिने जानकारी दिनुभयो। कार्यालयका प्रधान सहायक सुमन मैनालीले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

विभिन्न विभाग/कार्यालयले भदौ र असोज महिनामा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेका छन्। यसै क्रममा मौद्रिक व्यवस्थापन विभागले भदौ १८ गते 'Yield Curve: Practices and Experiences in South Asia' विषयक ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो।

विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीको अध्यक्षतामा आयोजित कार्यक्रममा सहायक निर्देशक सन्देशकुमार ठाकुरले सो विषयमा प्रस्तुति दिनुभयो। त्यस क्रममा उहाँले Yield Curve को महत्व, यसको निर्माण विधि, सान्दर्भिकता, Yield Curve को विकास र उपयोगिता, दक्षिण एसियाली मुलुकमा यसको अभ्यास, अनुभवबारे जानकारी दिनुभयो।



जनकपुर कार्यालयले असोज ५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। कार्यालयका निर्देशक पुष्पा अधिकारीको अध्यक्षतामा आयोजित कार्यक्रममा सहायक निर्देशक सुरेन्द्रकुमार साह र का.मु. सहायक निर्देशक सियाराम यादवले मुद्रा तथा बैंकिङ व्यवस्थापनका समसमायिक विषयमा प्रस्तुति दिनुभयो। त्यस क्रममा उहाँहरूले नेपाली नोटका सुरक्षण विशेषता, जाली नोटको पहिचान विधि, विदेशी मुद्रा सटहीसम्बन्धी व्यवस्था, बैंकिङ कारोबारसम्बन्धी कार्यविधि, २०७८ मा उल्लिखित विषय र सरकारी खाता सञ्चालन तथा व्यवस्थापनका विषयमा चर्चा गर्नुभएको थियो।



यसै गरी, सिद्धार्थनगर कार्यालयले असोज





७ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा विभागका सहायक निर्देशक ई.दीपक पराजुलीले 'पियर टु पियर लेन्डिङ'का विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । सो अवसरमा उहाँले फिनटेकको परिचय, पियर टु पियर लेन्डिङको अवधारणा, प्रचलित नियामकीय व्यवस्था, यसको विश्वव्यापी अभ्यास, यसका फाइदा, सम्भावित जोखिम, पूर्वसर्त र भावी कार्यदिशाबारे जानकारी दिनुभयो । कार्यालयका निर्देशक नवीना ढकालको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

विराटनगर कार्यालयले असोज ८ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो अवसरमा कार्यालयका उप-निर्देशक दिलबहादुर सुब्बा आइदेम्बेले 'कागजातको सुरक्षित अभिलेख तथा संस्थागत स्मृति व्यवस्थापन' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले राष्ट्र बैंकबाट भएका कामकारबाहीसँग सम्बन्धित कागजातलाई प्रचलित कार्यविधिबमोजिम वर्गीकरण गरी सुरक्षित राख्ने प्रक्रियाबारे चर्चा गर्नुभयो । कार्यालयका निर्देशक सुमन नेउपानेको अध्यक्षतामा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

गभर्नरको कार्यालयले असोज १२ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलको अध्यक्षतामा आयोजित कार्यक्रममा उप-निर्देशक मेरिना श्रेष्ठले 'Balance of Payment: An Overview' विषयमा प्रस्तुति दिनुभयो । सो अवसरमा उहाँले भुक्तानी सन्तुलनको सैद्धान्तिक अवधारणा, लेखाङ्कन प्रक्रिया, भुक्तानी सन्तुलनका



खाता र त्यसमा रहने शीर्षकलगायत विविध पक्षबारे चर्चा गर्नुभएको थियो ।

यसै गरी, कार्यालयले असोज १५ गते 'Workshop on Artificial Intelligence: Implications for Central Banks, Financial Sector and Broader Economy' विषयमा ज्ञान आदानप्रदान कार्यक्रमसमेत आयोजना गऱ्यो । सूचना प्रविधि क्षेत्रमा क्रियाशील सूर्योदय विक्रम शाहीले उक्त विषयमा प्रस्तुति दिनुभयो । त्यस क्रममा उहाँले एआईको परिचय, एआई विकासका चरण, वित्तीय क्षेत्रमा यसको प्रयोग र भावी सम्भावनाका विषयमा जानकारी दिनुभएको थियो ।

यसै गरी, नेपालगञ्ज कार्यालयले असोज १६ गते '30 Years at NRB: Institutional Knowledge of Experiences' विषयमा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । निर्देशक सम्झना ढकालको अध्यक्षतामा आयोजित सो कार्यक्रममा राष्ट्र बैंकमा ३० वर्ष बैंकमा सेवा गरी अवकाश हुन लाग्नुभएका उप-निर्देशकहरू मनोजकुमार केसी, भीमार्जुन शाह र किरण दीक्षितले बैंकमा रहँदा आफूले हासिल गरेका ज्ञान, सीप र अनुभवबारे चर्चा गर्नुभएको थियो ।

भुक्तानी प्रणाली विभागले असोज २८ गते 'A General Overview of CBDC, Tokenized Deposit & Stablecoin' विषयक ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । कार्यकारी निर्देशक निश्चल अधिकारीको अध्यक्षतामा आयोजित कार्यक्रममा विभागका उप-निर्देशक (सू.प्र.) सागरमायालु जोशीले सो विषयमा वार्ता प्रस्तुत गर्दै केन्द्रीय बैंक विद्युतीय मुद्रा (सीबीडीसी)को विकासक्रम र Tokenized Deposit & Stablecoin को बारेमा चर्चा गर्नुभयो । कार्यक्रम विभागका कार्यकारी निर्देशक निश्चल अधिकारीको अध्यक्षतामा सम्पन्न भएको थियो । ■





Major Financial Indicators

as on Bhadau End, 2083 (Mid-Sept, 2026)

		Class "A"	Class "B"	Class "C"	Overall
A. Credit, Deposit Ratios (%)					
1	Total Deposit/GDP	114.74	10.07	2.15	126.97
2	Total Credit/GDP	81.09	8.45	1.68	91.22
3	Total Credit/ Total Deposit**	70.67	83.87	78.00	71.84
4	CD Ratio*	70.03	83.52	77.52	71.21
5	Fixed Deposit/Total Deposit	34.55	31.26	53.32	34.61
6	Saving Deposit/Total Deposit	47.44	55.99	33.26	47.87
7	Current Deposit/Total Deposit	8.15	2.96	1.32	7.62
8	Call Deposit/Total Deposit	9.07	9.74	12.03	9.17
9	NPL/ Total Loan^	5.56	5.77	9.89	5.66
10	Total LLP /Total Loan	5.74	5.28	9.35	5.76
11	Deprived Sector Loan/Total Loan $^	5.17	6.12	5.74	5.27
B. Liquidity Ratios (%)					
1	Cash & Bank Balance/Total Deposit	7.58	6.17	7.37	7.47
2	Investment in Gov. Securities/Total Deposit	14.00	10.24	9.87	13.63
3	Total Liquid Assets/Total Deposit #	38.52	27.58	34.23	37.58
C. Capital Adequacy Ratios (%)					
1	Core Capital/RWA	9.69	10.93	11.53	9.82
2	Total Capital/RWA	12.51	13.83	14.43	12.64
D. Financial Access					
1	No. of institutions	20	17	16	53
2	No. of Branches	4,907	1,111	293	6,311
3	No. of Deposit Accounts	54,976,152	7,937,656	1,094,959	64,008,767
4	No.of Loan Accounts	1,731,042	260,093	61,127	2,052,262
5	No. of Branchless Banking Centers	633	3	-	636
6	No. of Branchless Banking Customers	259,130	454	-	259,584
7	No. of Mobile Banking Customers	26,100,422	4,024,031	349,237	30,473,690
8	No. of Internet Banking Customers	1,871,009	623,467	21,327	2,515,803
9	No. of ATMs	4,730	336	32	5,098
10	No. of Debit Cards	12,280,628	1,407,822	88,584	13,777,034
11	No. of Credit Cards	332,806	5,570	1,017	339,393
12	No. of Prepaid Cards	279,152	5,010	-	284,162
E. Interest Rate(%)					
1	**Wt. Avg Interest Rate on Deposit**	**3.11**			
	(a) Saving	2.82			
	(b) Fixed	4.82			
	(c) Call	0.49			
2	**Wt. Avg Interest Rate on Credit**	**6.38**			

Note:

Bank balance includes money at call

Nominal GDP for 2025/26(P) stands at Rs. 6,600,098 million

(Source:https://nsonepal.gov.np/content/13465/provincial-gross-domestic-product-2082-83/)

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Asar end of FY2082/83 (2025/26)

#Calculation method is revised; liquid assets are derived from FN 9 (CAF 2015) and FN 8 (CAF 2007)

*CD Ratio $= \frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$

**Total Credit / Total Deposit $= \frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

केन्द्रद्वारा विभिन्न तालिम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले २०८३ असोज महिनामा विभिन्न पाँच वटा अधिकृतस्तरीय तालिम कार्यक्रम सम्पन्न गरेको छ।

यसै क्रममा केन्द्रले असोज ५ र ६ गते थापाथलीमा 'Late Career Management' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो। आर्थिक वर्ष २०८३/८४ मा सेवानिवृत्त हुन लागेका कर्मचारीहरूलाई लक्षित गर्दै केन्द्रले उक्त तालिम सञ्चालन गरेको हो। पाँच वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ५८ जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा सहभागीलाई अवकाश जीवनको तयारी, समय व्यवस्थापन, स्वस्थ र तनावरहित जीवनयापन, सामाजिक कार्यमा संलग्नता, वित्तीय योजना लगायतका विषयमा जानकारी दिइएको थियो।

केन्द्रले असोज ५ देखि ७ सम्म थापाथलीमा 'ECL Model Review: Supervisory Perspectives' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो। १२ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका २७ जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा सहभागीलाई 'ECL Model को अवधारणा, ECL Model का विभिन्न चरण, यसका विभिन्न तत्त्व, गणना विधिलगायतका विषयमा प्रशिक्षण दिइएको थियो।



यसै गरी, केन्द्रले असोज १५ र १६ गते थापाथलीमा 'Data Governance and AI' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो। उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३० जना कर्मचारीको सहभागिता थियो। आठ वटा सत्रमा सञ्चालित उक्त तालिममा डेटा गभर्नेन्सको अवधारणा, सोसम्बन्धी रणनीति र नेपाल राष्ट्र बैंकमा यसको अभ्यास, डेटाको गुणस्तर र सुरक्षा व्यवस्थापन, एआई र मेसिन लर्निङको परिचय, केन्द्रीय बैंकमा एआई प्रयोगको सम्भावना लगायतका विषयमा जानकारी दिइएको थियो।

केन्द्रले असोज १८ देखि २१ सम्म पोखरामा 'Risk Based Internal Audit' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो। आठ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका २५ जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा सहभागीलाई राष्ट्र बैंकमा आन्तरिक लेखापरीक्षणको अभ्यास र सोसम्बन्धी मापदण्ड, लेखापरीक्षण रणनीति, योजना र कार्यान्वयन पक्ष, प्रतिवेदन लेखन, बैंकमा जोखिम व्यवस्थापनको प्रक्रिया र अभ्यास लगायतका विषयमा प्रशिक्षण दिइएको थियो।

केन्द्रले असोज २२ र २३ गते थापाथलीमा 'Foreign Exchange Management in Nepal' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो। आठ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका २८ जना कर्मचारीको सहभागिता थियो। सो अवसरमा सहभागीलाई नेपालमा विदेशी विनिमय व्यवस्थापनको विद्यमान अभ्यास, विदेशी विनिमय कारोबारको इजाजत र नियामकीय व्यवस्था, विदेशी विनिमयमा हुने कारोबार, विदेशी मुद्रा सटही प्रक्रिया, वैदेशिक ऋण र लगानी लगायतका विषयमा प्रशिक्षण दिइएको थियो। ■

अवकाश

वीरगञ्ज कार्यालयका कार्यालय सहयोगी तृतीय उषा कुमारी (उपाध्याय)ले २०८३ असोज १६ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ। उहाँले ५८ वर्षे उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संसाधन व्यवस्थापन विभागले दिएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

प्रकाशक
नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय
सूचना तथा सञ्चार महाशाखा
बालुवाटार, काठमाडौं,
फोन : ५७१८६४१/४२, Ext.: २१३८/२१४०
इमेल : samachar@nrb.org.np,
वेबसाइट : www.nrb.org.np

सम्पादक
सुशील ज्ञवाली

सम्पादन सहयोगी
रोशन सेढाई
लालकुमार सुवेदी
नीरज पाण्डेय

ले-आउट
संजीव दाहाल